अपाङ्गता भएका महिलाहरूको क्षेत्रमा २०५४ साल देखि निरन्तर समर्पित


दर्ता नं. : ६२१/०५४-०५५ जि.प्र.का. काठमाडौं
६८९२/०५४-०५५ स.क.प.


# नेपाल अपाङ्ग महिला संघ



## परिचय :

नेपाल अपाङ्ग महिला संघ अपाङ्गता भएका महिलाका मानव अधिकार, सामाजिक, आर्थिक, राजनीतिक न्यायमा पहुँच तथा समानताका पक्षमा वकालत गर्ने उद्देश्यले वि.सं. २०५४ सालमा स्थापना भएको विशुद्ध सामाजिक संस्था हो । यस संघले अपाङ्गता भएका महिलाको सशक्तीकरण, पुनःस्थापना र मानव अधिकार सुनिश्चितताका लागि विभिन्न कार्यक्रम गर्दै आएको छ। अपाङ्गता भएका महिलाका पक्षमा नीति तथा कानुन निर्माण गर्न, बनेका कानुनको पूर्ण कार्यान्वयन र विद्यमान विभेदकारी कानूनको खारेजी, समयानुकूल कानुन संशोधन गरिनु पर्ने सवालमा राज्यसँग निरन्तर सहकार्य तथा पैरवीका काम अगाडि

बढाइरहेको छ। अपाङ्गता भएका महिलाको सार्वजनिक जीवनमा सहभागिता, राजनीतिक, आर्थिक, सामाजिक सशक्तीकरण र राज्यका सबै तहमा समान प्रतिनिधित्वका लागि आवाज बुलन्द गर्दै स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रम संचालन गरिरहेको छ।

## संस्थागत विकास

नेपाल अपाङ्ग महिला संघले आफूलाई देशव्यापीरूपमा विस्तार गरिरहेको छ। यसका १७ वटा जिल्लामा जिल्ला समिति गठन भइसकेका छन्। गाउँ विकास समितिस्तरमा ६७ वटा स्वावलम्बी समूह गठन गरी आफ्ना कार्यक्रम विस्तार गरिरहेको छ। पूर्वाञ्चलको मोरङ्ग र सुदूरपश्चिमाञ्चलको कञ्चनपुर जिल्लामा आफ्ना क्षेत्रीय कार्यालय स्थापना गरी संस्थागत विकासमा टेवा पुर्‍याइरहेको छ। यसरी केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरू, जिल्ला समिति र स्वाबलम्बी समूहहरूमार्फत हाल यस संस्थाका कार्यक्रम ३२ जिल्लामा पुग्न सफल भएका छन्।



यस संघले गठन गरिएका समूह र समितिका माध्यमबाट अपाङ्गता भएका महिलालाई संगठित गर्दै उनीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास, आर्थिक सशक्तीकरण, स्वरोजगारमूलक कार्यक्रम,

घुम्ती कोष सञ्चालन, पुनःस्थापनागृह सञ्चालन, वकालत तथा पैरवी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसको सक्रियता र निरन्तर वकालत एवं पैरवीका कारण आज अपाङ्गता अधिकार आन्दोलन र समग्र महिला अधिकार आन्दोलनमा समेत विशेष स्थान ओगट्न सफल भई आफ्नो पहिचान स्थापित गरिसकेको छ ।

## *दृष्टकोण* (**Vision**)

अपाङ्गता भएका महिलाले सम्मानपूर्वक जीवनयापन गरिरहेको समाज सिर्जना गर्नु ।

## *ध्येय* (**Mission**)

अपाङ्गता भएका महिलालाई संगठित, सशक्त र अधिकारका निम्ति वकालत गर्दै अन्य नागरिकसरह आफ्ना अधिकार उपभोग गरी सामाजिक रूपान्तरणका लागि योगदान गर्न सक्षम तुल्याउने ।

## *लक्ष्य* (**Goal**)

अपाङ्गता भएका महिलाको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक अवस्थामा सकारात्मक परिवर्तन गर्नु ।



## संस्थाका मुख्य उद्देश्य

◆ अपाङ्गता भएका महिलालाई संगठित गरी शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र पुनःस्थापनालगायतका अधिकार हासिल गर्न क्षमता विकास र वकालत गर्न सक्ने बनाउने,

◆ राज्यका हरेक निकाय र नीतिनिर्माण तहमा अपाङ्गता भएका महिलाको अर्थपूर्ण सहभागिताका लागि पैरवी, समन्वय तथा सहकार्य गर्ने,

◆ हिंसा प्रभावित, अभिभावक एवं घरबारविहीन र दुर्गम क्षेत्रका अपाङ्गता भएका महिलाका लागि शिक्षा, तालिमसहित पुनःस्थापनागृह संचालन गर्ने,

◆ अपाङ्गता भएका महिलाको सामाजिक, आर्थिक, राजनीतिक र कानुनी हक स्थापित गर्न र उनीहरू उपर हुने लैंगिक हिंसा अन्त्यका लागि संचारमाध्यमका साथै विभिन्न कार्यक्रम मार्फत सचेतना अभिवृद्धि गर्ने ।



## *संघका प्रमुख क्रियाकलाप*




१. **शिक्षा** : अपाङ्गता भएका बालिका र महिलाको शिक्षामा पहुँच अभिवृद्धिका लागि छात्रवृत्तिको व्यवस्था एवं शैक्षिक सामग्री वितरण, शिक्षण संस्थामा अपाङ्गतामैत्री भौतिक संरचना निर्माण, अनौपचारिक शिक्षा, अभिमुखीकरण, शैक्षिक परामर्श आदि ।

२. **स्वास्थ्य**: अपाङ्गता भएका महिलाको स्वास्थ्य र प्रजनन् स्वास्थ्य अधिकारका लागि विभिन्न सचेतनामूलक कार्यक्रम एवं नीतिगत तहमा वकालत गर्ने र कानुनी सचेतना अभिवृद्धि गर्ने ।

३. **जीविकोपार्जन** : अपांङ्गता भएका महिला र उनीहरूका अभिभावकको आर्थिक सशक्तीकरणका लागि स्थानीयस्तरमा सिपमूलक तालिम, लघुवित्त कार्यक्रम, घुम्तीकोष सञ्चालन, उद्यमशीलतासम्बन्धी अभिमुखीकरणका साथै रोजगार र स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने ।

४. **प्रतिनिधित्व र सहभागिता** : राज्यका हरेक संरचना, राजनीतिक दल, सञ्जालहरू, मानव अधिकारको सवालमा काम गर्ने संघ-संस्था, ३३ प्रतिशत आरक्षणभित्र अपाङ्गता भएका महिलाको प्रतिनिधित्वका लागि निरन्तर अभियान सञ्चालन गर्ने ।

५. **पुनःस्थापना** : बेवारिसे, परिवारविहिन तथा हिंसा प्रभावित, अति विपन्नवर्गका अपाङ्गता भएका महिलाका लागि आवासीय व्यवस्था, कानुनी परामर्श र मनोविर्मश, स्वास्थ्य उपचार, सहायक सामग्री, जीविकोपार्जनका लागि उद्यमशीलताका कार्यक्रम, क्षमता अभिवृद्धि, शैक्षिक परामर्शका कार्यक्रम सञ्चालन गर्ने ।

६. **वकालत** : अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय, जिल्ला र गा.वि.स. स्तरका नीतिनिर्माण तहमा अपांङ्गता भएका महिलाको सम्पूर्ण अधिकार (शिक्षा, स्वास्थ्य, रोजगार, पुनःस्थापना, सामाजिक सुरक्षा, प्रतिनिधित्व तथा सहभागिता, कानुन संशोधन एवं नयाँ निर्माण, पहुँचयुक्तता) सुनिश्चितताका लागि वकालत र पैरवी गर्ने । साथै, अपांङ्गता भएका महिलाप्रतिका नकारात्मक धारणा र महिला उपर हुने हिंसाविरुद्ध अभियान सञ्चालन एवं अपांगता भएका महिलाका मुद्दालाई साझा सवाल र मानव अधिकारका मुद्दाका रूपमा पहिचान गराउने कार्यक्रम ।




७. **संस्थागत विकास** : संस्थागत विकास एवं सुदृढीकरणका लागि महिलाको क्षमता अभिवृद्धि, सांगठनिक विस्तार, संजाल निर्माण, सुशासनका लागि अध्ययन, अनुसन्धान, संस्थागत रणनीति, वस्तुस्थिति मूल्याङ्कन, साधन-स्रोतको समुचित प्रबन्ध र व्यवस्थापन ।

## संघका निर्देशक सिद्धान्त

१. अधिकारमुखी अवधारणा २. सामाजिक समावेशीकरण र समता ३. क्षमता विकास ४. सहकार्य र समन्वय ५. गैर-भेदभाव ६. पहुँचयुक्तता ७. विविधताको सम्मान र स्वीकार्यता ८. अर्थपूर्ण सहभागिता ९. हिंसारहित समाज १०. आर्थिक सशक्तीकरण ११. अपांगता अधिकार १२. पारदर्शिता र जवाफदेही १३. राजनीतिक तटस्थता ।

## प्रमुख उपलब्धि

अपाङ्गता भएका महिलाको प्रजनन स्वास्थ्य अधिकारका लागि वकालत गरेको, यस क्रममा संघले सर्वोच्च अदालतमा सार्वजनिक चासोको मुद्दा दर्ता गरेकोमा २०६७ सालमा सर्वोच्च अदालतले सरकारलाई त्यस्ता अधिकारको प्रत्याभूति गर्न आदेश दिएको,

◆ अपाङ्गता भएका महिलाका मुद्दा पहिचान गरी राज्यका साथै अन्तर्राष्ट्रिय निकाय, महिला आन्दोलन, मानव अधिकार आन्दोलन, नागरिक समाज र राजनीतिक दलहरूमा विस्तारै प्रतिनिधित्व, सहभागिता र सहकार्य गर्न शुरु गरेको,



◆ महिला उपर हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि (CEDAW) को छायाँ प्रतिवेदन लेखन समितिमा रही अपाङ्गता भएकाहरूका मुद्दालाई जल्दोबल्दो मुद्दाका रूपमा पहिचान गराई समावेश गराउन सफल भएको,

◆ जिल्ला शिक्षा कार्यालयका साथै शिक्षा क्षेत्रमा काम गर्ने संघ-संस्थासँग समन्वय र सहकार्य गरी विद्यालय र क्याम्पस जानबाट वञ्चित र गइरहेका अपाङ्गता भएका करिब १००० बालिका एवं महिलाको शिक्षामा निरन्तरता,



◆ ११८ भन्दा बढी अपाङ्गता भएका महिला तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकले सिपमूलक तालिम प्राप्त गरेको, जसमध्ये ११२ अपाङ्ग भएका महिलाले स्वरोजगार र निजी क्षेत्रमा काम गरिरहेका ।

◆ १७८ जना अपाङ्गता भएका महिला स्वरोजगार मूलक (बाखापालन, ब्यूटिपार्लर, बंगुरपालन, सिलाइ-बुनाइ) क्रियाकलापमा संलग्न रहेका ।

◆ ६७ वटा स्वावलम्बन समूह र १७ जिल्ला च्याप्टर विस्तार हुनुका साथै सबै समूह र जिल्ला समितिमा वचत तथा ऋण कार्यक्रम सञ्चालन भइरहेको ।

◆ आय-आर्जनका क्रियाकलापमा संलग्न भई आयमा वृद्धिका कारण आत्मविश्वास बढ्नुका साथै र परिवार तथा समाजमा पनि सकरात्मक सोच बढेको ।

◆ निरन्तर वकालत तथा पैरवीबाट स्थानीय स्रोत प्राप्त गर्न थालेको ।

◆ राज्यले अपाङ्गता भएका महिलाका सवाल पहिचान गरी पुनःस्थापनाका लागि वार्षिकरूपमा स्रोत उपलब्ध गराइरहेको ।

◆ प्राइम रिजनल काउन्सिल, इटलीबाट अन्तर्राष्ट्रिय महिला वर्ष-२०११ पुरस्कार प्राप्त गरेको ।

◆ संघद्वारा संचालितपुनःस्थापनागृहमा हिंसा प्रभावित र बेवारिसे अवस्थाका अपाङ्गता भएका महिला र शिक्षा पाउनबाट वञ्चित दुर्गम जिल्लाका अपाङ्गता भएका महिलाले



आवासीय सुविधासहित उच्चशिक्षा अध्ययनको अवसर पाइरहेका । उक्त पुनःस्थापनागृहबाट १००० जनाभन्दा बढी अपाङ्गता भएका महिलाले सेवा-सुविधा प्राप्त गरिसकेको र उनीहरू परिवारमा पुनःस्थापित, रोजगारीमा संलग्न, पारिवारिक जीवन शुरु गरेका, अपरेशन तथा थेरापीद्वारा उपचार गरी पुनःस्थापित भएका ।

- १०० भन्दा बढी हिंसा प्रभावित अपाङ्गता भएका महिलालाई कानूनी परामर्श र आवश्यक सेवा-सुविधाका लागि सम्बन्धित निकायमा रिफर गरिएको ।

- काठमाडौंमा एक रोपनी र पूर्वाञ्चलको मोरंङ्गमा एक कठ्ठा जग्गा यस संघको नाममा प्राप्त भएको छ । नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोगमा काठमाडौंमा बेवारिसे तथा हिंसापीडित अपाङ्गता भएका महिलाका लागि पुनःस्थापनागृह निर्माण भइरहेको ।



## साझेदारी र समन्वय

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका कार्यालय, सि.वि.एम., मेरो अधिकार, राष्ट्रिय महिला आयोग, एविलिस फाउण्डेशन, ओपन सोसाइटी फाउण्डेशन, महिला शरणार्थी आयोग, दक्षिण एसियाली महिला कोष, संकल्प, डि.आर.इ.डि.एफ., एक्सनएड, युएन ओमन, फिनल्याण्ड राजदूतावास, राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल, डि.पि.ओ., आइएनएफ, ओरेक आदि सँग साझेदारी र समन्वय भइरहेको छ।



# नेपाल अपाङ्ग महिला संघको कार्यक्षेत्र तथा सञ्जाल विस्तार




जिल्ला च्याप्टरहरू ●

क्षेत्रीय कार्यालयहरू ●

गाविस स्तरीय स्वावलम्बन समूह ●

संस्थाको ठेगानाः
नेपाल अपाङ्ग महिला संघ
केन्द्रीय कार्यालय, कालोपुलमार्ग, कालोपुल, काठमाडौं
फोन नं. ००९७७–०१–४४३५१३१
फ्याक्स नं. ००९७७–०१–४४३८३४२
पोष्टबक्स नं. – ९६७९,
इमेलः ndwa.2009@gmail.com,
ndwa_kath@yahoo.com
Website:www.ndwa.org.np
क्षेत्रीय कार्यालय (नेपाल अपाङ्ग महिला संघ) :
१) पूर्वाञ्चल क्षेत्रीय कार्यालय, मोरङ, फोन नं. ०२१–६२२१७३,
इमेल : ndwa.er@gmail.com
२) सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, महेन्द्रनगर, कञ्चनपुर,
फोन नं. ०९९५२०५९७,
इमेल : ndwa.fwr@gmail.com

Supported by:
cbm
together we can do more

